# भेडे खुर्सानीमा लाग्ने थ्रिप्स कीरा

## समस्याको पहिचान

यी नाङ्गो आँखाले देख्न मुस्किल पर्ने पात खोस्नी चुस्ने कीरा हो (चित्र १)। यी कीराहरु एउटै बिरुवामा हजारौंको संख्यामा बसी बिरुवाको कलिलो भागमा कोत्रेर चुस्दछन्। यीनको आक्रमण बढी भएको बिरुवामा पातहरु फुस्रो, कोत्रिएको तथा बिरुवा नबढेको देख्न सकिन्छ (चित्र २)। यसले चुसेपछि बिरुवाहरुमा भाइरसजन्य रोग पनि सर्न सक्दछ। जसको कारणबाट बाली उपचार हुन नसकी कृषकलाई ठुलो नोक्सानी हुन जान्छ। धेरै मसिना कीरा भएकोले कृषकहरुको नजरमा नपर्ने र पत्याउन पनि गाह्रो हुन्छ।

## समस्याको पृष्ठभूमि

यीनको आक्रमण वर्षामा भन्दा सुख्खा मौसममा बढी हुन्छ। यी कीराहरुको बंश बृद्धि छिटो हुन्छ। खासगरी खुर्सानी, गोलभेंडा, आलु, भण्टा, काँक्रो बालीमा यसको आक्रमण बढी हुन्छ। यी कीराको प्रकोप बढी भएमा ७०-८०% सम्म बाली नोक्सानी हुन जान्छ। ठुलो हुरी बतास जतातिर चलेको छ त्यतैतिर यी कीराहरु हावाले उडाएर लैजान्छ।

## व्यवस्थापन

- नियमित अवलोकनवाट यो कीराको आक्रमण भए नभएको थाहा पाउनु पर्दछ। यसको लागि पहेंलो र निलो टासिने पासोको प्रयोग गर्न सकिन्छ।
- यो बालीमा प्याज, काँक्रो, भाण्टा र रामतोरिया बालीलाई समानान्तर बालीको रुपमा खेती नगर्ने।
- तितेपातीलाई अन्तरबालीको रुपमा लगाउँदा थ्रिप्सको संख्यामा कमी आउँदछ।
- स्प्रिङ्कलर विधिबाट सिंचाइ गर्दा थ्रिप्सको संख्या घट्दछ।
- धेरै क्षतिग्रस्त बिरूवा हटाइ नियमित सरसफाइ गर्ने।
- २-२ दिनको फरकमा गाईवस्तुको मुत्र १:४ को अनुपातमा पानीसंग मिसाई छरेमा प्रकोप कम गर्न सकिन्छ।
- घरेलु रुपमा वनाइएका वानस्पतिक विषादीहरुको प्रयोग गर्दा पनि व्यवस्थापन गर्न सकिन्छ।
- नीमजन्य विषादी एजाडिराक्टिन ०.१५% ३-५ मिलि प्रति लिटर पानीको दरले स्प्रे गर्ने।
- रसायनिक विषादीको प्रयोग गर्ने भए इमिडाक्लोप्रिड १७.८% एसएल ०.३३ वा स्पाइनोसेड ४५% एससि ०.३३ वा स्पाइनेटोराम ११.७ एससि १ मिलि प्रति लिटर पानीमा राखी ७-७ दिनको फरकमा २-३ पटक छर्ने।



स्रोत: www.ipmimages.org

चित्र १. थ्रिप्स कीरा



स्रोत: होम बहादुर वि.क.

चित्र २. बोटमा थ्रिप्सको क्षति



स्रोत: होम बहादुर वि.क.

चित्र ३. फलमा थ्रिप्सको क्षति

## सन्दर्भ सूची


- ipmimages.org/index/cfm
- TNAU. (2023). Chilli thrips: *Scirtothrips dorsalis*. https://agritech.tnau.ac.in/crop_protection/chilli/chilli_1.html
- Sunitha, T.R., Chinnamadegowda, C. & Srinivasa, N. (2021). Management of Chilli Thrips, *Scirtothrips dorsalis* (Hood) Using Synthetics and Biologicals. Mysore J. Agric. Sci. 55(4), pp. 333-339.


**Scientific name:** *Scirtothrips dorsalis*

विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ। विषादीको लेवल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ। विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुँदैन।


तयारकर्ता

**श्री होम बहादुर वि.क.,** ब.बा.सं.अ.,
कृषि विभाग, हरिहरभवन, ललितपुर

**श्री महेश तिमिल्सिना,** बा.सं.अ.,
केन्द्रिय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर

सम्पादक

**डा. हिराकाजी मानन्धर**
एनपिडिए, काठमाण्डौ

**डा. रेशमबहादुर थापा**
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन



प्रकाशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर
फोनः +९७७-१-५४२१३२३/५४२१६४८
Email: doa.agri2014@gmail.com, ppd.doa2020@gmail.com
Website : www.doanepal.gov.np


*यो तथ्यपत्रमा सिफारिस गरिएका विवरणहरु नेपालको लागि सान्दर्भिक छ*